# नेपाल सरकार

मा.विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

प्रदेश प्रमुखको कार्यालय
बागमाती प्रदेश
हेटौडा, मकवानपुर,नेपाल

## २९औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको शुभकामना सन्देश

"कोभिड-१९ पश्चातको उत्कृष्ट पुनरागमनको सुनिश्चितता :अपाङ्गता भएका व्यक्तिहरुको पहुँच र दीगो विकासको लागि हामी सबैको प्रतिबद्धता" भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको अपाङ्गता भएका व्यक्तिहरूको २९औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा अपाङ्गता भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानले न्याय र समानतामा आधारित सामाजिक आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलप्रवाहमा समावेश गरी आत्मनिर्भर बनाउनु राज्यको गहन दायित्व हो । अपाङ्गता भएका व्यक्तिलाई दयामाया नभई आत्मसम्मान एवम् अधिकारसहितको जीवनको सुनिश्चितता गरी विकासको मूल प्रवाहमा ल्याउनुपर्छ । सबैको सामूहिक प्रयासबाट अपाङ्गता भएका व्यक्तिलाई हेर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन गरी उनीहरूको आत्मसम्मानसहितको मर्यादित जीवन सुनिश्चित गर्न सकिन्छ । नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रबर्द्धनका साथै संयुक्त राष्ट्रसंघीय अपाङ्गतासम्बन्धी महासन्धिमा उल्लेखित अधिकारहरू सुनिश्चितताका लागि राज्यका तीनै तहका सरकार थप संवेदनशील बनेर कार्यान्वयन तहमा जानु पर्दछ भन्ने मलाई लाग्दछ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीमा पहुँच, अपाङ्गतामैत्री कानुन, विशेष सामाजिक सुरक्षा, निर्णय प्रकृयामा सहभागिताजस्ता विषयहरूलाई आत्मसात गरी स्रोत र साधनको आवश्यक प्रबन्ध गर्दै क्रमशः कार्यान्वयनमा लैजान सकेमा समतामूलक समाज निर्माण गर्न सहयोग पुग्ने देखिन्छ ।

अन्तमा, अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा यस क्षेत्रसँग सम्बद्ध सबैमा थप क्रियाशील भई कार्य गर्ने प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।

मितिः २०७७ मंसिर १७ गते, बुधबार ।

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर

विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख
बागमती प्रदेश